## लुम्बिनी प्रदेश सरकार

### मिति २०८१/०७/११ गतेको १४९औं सचिव बैठकका निर्णयहरु:

१- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मस्यौदा तयार गरी बैठकमा छलफलका लागि प्रस्तुत भएको सुशासन प्रवर्धन र भ्रष्टाचार न्यूनीकरण सम्बन्धी ५ वर्षे रणनीतिक कार्ययोजना उपर छलफल भयो। सो सम्बन्धमा सम्बद्ध सबै मन्त्रालय/निकायले अध्ययन गरी यथासिघ्र राय सहित पठाउने। प्राप्त राय समेटेर आगामी मन्त्रिपरिषद्को बैठकमा निर्णयार्थ पेश गर्ने।

२- राय पठाउने विषयका प्राप्त पत्रहरु उपर सम्बद्ध मन्त्रालयले मन्त्रालयस्तरको निर्णय गरी राय पठाउने।

३- राष्ट्रिय समस्या समाधान समिति (NDAC) को बैठकमा राख्नुपर्ने विषयहरु एकिन गरी ३ (तीन) दिनभित्र पठाउने।

४- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट निर्देशन भए बमोजिमको १४ बुँदे परिपत्रको कार्यान्वयनको अवस्था सहितको विवरण ३ (तीन) दिन भित्र पठाउने।